प्रेस विज्ञप्ति

राजीनामा सम्बन्धी औपचारिक घोषणा

केन्द्रीय महामन्त्रीज्यू

राष्ट्रिय स्वतन्त्र पार्टी

म, दिनेश हुमागाइ, बागमती प्रदेशको उपसभापति एवं प्रत्यक्ष तर्फको उम्मेदवार २०७९, मंसिर ४, काभ्रे क्षेत्र नम्बर २, आजको मितिदेखि पार्टीको उपसभापति पद तथा साधारण सदस्यता दुवैबाट औपचारिक रूपमा राजीनामा दिएको घोषणा गर्दछु।

यो निर्णय कुनै आवेग, व्यक्तिगत स्वार्थ वा क्षणिक असन्तोषको परिणाम नभई, पार्टीभित्र मौलाउँदै गएको संरचनागत विकृति, आन्तरिक लोकतन्त्रको ह्रास, आर्थिक अपारदर्शिता र नेतृत्वस्तरको नैतिक विचलनप्रतिको गम्भीर असहमतिको अभिव्यक्ति हो।

राजीनामाका प्रमुख आधारहरू

१. उम्मेदवार छनोटमा चरम चलखेल

उम्मेदवार छनोट प्रक्रिया विधान, मापदण्ड र आन्तरिक लोकतन्त्रविपरीत सञ्चालन गरिएको देखिन्छ।

वर्षौंदेखि पार्टीमा समर्पित कार्यकर्ताहरूलाई पाखा लगाई अन्य दलबाट हालसालै आएका व्यक्तिहरूलाई प्राथमिकता दिइएको छ।

विशेष रूपमा, दुई–चार दिन अघाडिसम्म मोबाइल पसलमा काम गरिरहेका, गीत गाइरहेका, सामाजिक अभियन्ता भनेर हिँडिरहेका, चटकदारहरूलाई स्वार्थको आधारमा उम्मेदवार बनाइएको छ।

पार्टीले सुरुमा उनानअसीको निर्वाचनमा जान्नेलाई छान्ने भनेको थियो। तर व्यवहारमा तिनै जान्ने, सिमित व्यक्तिहरू, माथिका व्यक्तिहरूलाई चाकडी गर्ने, खुसी पार्ने, वरिपरि घुम्ने (नेपालीमा 'गणेश प्रवृत्ति') पात्रहरूलाई प्रत्यक्ष र समानुपातिक दुवै तर्फ प्राथमिकता दिइएको छ।

वास्तवमा, यी व्यक्ति तल जमिनमा, जनतासँग प्रत्यक्ष भिजेकै हुँदैनन्। यसरी पार्टीले चयन गरेको चरम चलखेलले भोलिको नेपालको संसद चटकदारहरूको थलो, विकृत र अवसरवादी संरचनामा परिणत हुने स्पष्ट संकेत देखाएको छ।

२. केन्द्रीय संरचना विस्तारमा अपारदर्शिता

प्रारम्भिक सीमित सदस्यीय केन्द्रीय समिति विस्तार हुँदै ठूलो आकारमा पुगे पनि यसको मापदण्ड, प्रक्रिया र औचित्यबारे स्पष्ट पारदर्शिता छैन। पार्टी संरचना विधि र सिद्धान्तभन्दा व्यक्तिकेन्द्रित निर्णयतर्फ उन्मुख भएको देखिन्छ।

३. सदस्यता तथा आर्थिक व्यवस्थापनमा गम्भीर प्रश्न

सदस्यता शुल्क तथा उम्मेदवार आवेदन शुल्क (समानुपातिक र प्रत्यक्ष दुवै) व्यापक रूपमा संकलन गरिए पनि यसको पारदर्शी लेखाजोखा सार्वजनिक गरिएको छैन।

प्रदेश तथा पालिका तहमा बाँडफाँड हुने भनिएको रकमसमेत स्पष्ट रूपमा उपलब्ध नगराइनु गम्भीर विषय हो।

४. विधान उल्लङ्घन र आन्तरिक लोकतन्त्रको समाप्ति

पार्टीको स्थापना पश्चात् विधानमै उल्लेख गरिएको समयसीमाभित्र केन्द्रीय महाधिवेशन सम्पन्न गर्नुपर्ने व्यवस्था अहिलेसम्म कार्यान्वयन गरिएको छैन। आन्तरिक लोकतान्त्रिक अभ्यासहरूलाई सुनियोजित रूपमा कमजोर पारिएको छ।

५. प्रदेश तथा तल्लो तहको आवाजको बेवास्ता

प्रदेश तहबाट उठाइएका गम्भीर प्रश्न, गुनासा र असन्तुष्टिहरूलाई केन्द्रीय तहले सुनुवाइ नगर्नु, महिला तथा समर्पित कार्यकर्ताहरूको आत्मसम्मानमाथि चोट पुग्ने व्यवहारलाई बेवास्ता गर्नु अत्यन्त दुःखद विषय हो।

६. नेतृत्वमाथि नैतिक प्रश्न

पार्टी नेतृत्वसँग सम्बन्धित विभिन्न विवाद र न्यायिक प्रक्रियामा रहेका विषयहरूले संगठनको नैतिक आधारमाथि गम्भीर प्रश्न खडा गरेको छ।

उदाहरणका रूपमा, पार्टी सभापति रवि लामिछाने सम्बन्धी सहकारी प्रकरणहरू हाल न्यायिक प्रक्रियामा रहेका छन्।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी निर्वाचनपश्चात् प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरेको बालेन्द्र शाह सम्बन्धी नागरिकता विषयक किर्ते प्रकरण हालसालै मिडियामा आएको छ, जसले नेतृत्वको विश्वसनीयता र नैतिक स्पष्टतामाथि थप प्रश्न उठाएको छ।

यस्ता गम्भीर विषयमा स्पष्ट धारणा, पारदर्शी जवाफदेहिता र नैतिक उत्तरदायित्व प्रदर्शन हुनु आवश्यक भए पनि त्यसको सट्टा आन्तरिक प्रश्नहरूलाई बेवास्ता गर्ने प्रवृत्ति देखिनु चिन्ताजनक छ।

## ७. पार्टीको संरचनागत विकृति र निजी स्वार्थ

राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्रारम्भदेखि सीमित व्यक्तिहरूले प्राइभेट कम्पनीजस्तो व्यवहार गर्दै गठन गरेका हुन्। पार्टीलाई राजनीतिक सङ्गठनको सट्टा निजी कम्पनी जस्तो चलाइएको छ र तल्लो निकायका नेता तथा कार्यकर्ताहरूलाई दासको रूपमा व्यवहार गरिएको छ।

उन्नान असी सालमा पार्टी गठन भएदेखि हालसम्म, पार्टी नेतृत्वका सीमित व्यक्तिहरूले संसददेखि सबै पदहरू ओगट्दै आएका छन्। आर्थिक अवसरमा सिधा वा अप्रत्यक्ष रूपमा सहभागी भएर आफ्नै धन–सम्पत्ति बढाउँदै आएका छन्।

यसैबीच, तल्लो तहका नेता तथा कार्यकर्ताहरू जनताको सेवा र देशको हितमा समर्पित भए तापनि, केन्द्रीय नेतृत्व, केन्द्रका सीमित नेतृत्व वर्गको व्यवहारमा आफ्नो धन र अवसर बढाउन मात्रै केन्द्रित भएको प्रष्ट देखिन्छ।

यो केन्द्रीय नेतृत्वको गम्भीर विचलनको सङ्केत हो।

## निष्कर्ष

आफैँभित्रको विकृति सच्याउन नसक्ने, आन्तरिक लोकतन्त्रको सम्मान नगर्ने, पारदर्शिता कायम नगर्ने र नैतिक बल गुमाइसकेको संगठनले राष्ट्र निर्माणको दाबी गर्नु केवल नारामात्र हुन सक्छ।

“पहिले आफू स्वच्छ, पारदर्शी र उत्तरदायी बन्ने; त्यसपछि मात्र देश बनाउने” — यही मूल मान्यताप्रति मेरो अडान अटल छ।

त्यसकारण, उपरोक्त कारणहरूका आधारमा म बागमती प्रदेशको उपसभापति पद तथा पार्टीको साधारण सदस्यता दुवैबाट आजैका मितिदेखि अलग भएको औपचारिक घोषणा गर्दछु।

आगामी दिनमा लोकतन्त्र, सुशासन र जनताको हितका पक्षमा मेरो संघर्ष निरन्तर रहनेछ।

धन्यवाद।

दिनेश हुमागाइ

उपसभापति, बागमती प्रदेश